आर्थिक साप्ताहिक
देशविकास
वर्ष ८, अंक ३१ आइतबार ११ जेठ २०७१ (Sunday 25 May 2014) पृष्ठ संख्या ८ मूल्य रु.१०/-

# संस्थागत सुधार र प्रभावकारी सेवाको खाँचो



डा.पोषराज पाण्डे

**रियल स्टेटजस्तै धेरै क्षेत्र छन् जहाँ निजी क्षेत्रको लगानी भईरहेको छ तर सरकारले ती क्षेत्रलाई नियमन तथा अनुगमन गर्न सकिरहेको छैन । ती कार्य गर्नको लागि आवश्यक सरकारी संरचना निर्माण गर्न जरूरी छ ।**

सन् १९९० को पूर्वाद्धमा पहिलो चरणको आर्थिक सुधारका काम भए । त्यतिबेलाको सुधारमा कसरी वैदेशिक व्यापार घाटा कम गर्ने, वैदेशिक व्यापार सहज बनाउने, मुद्रास्फिति कम गर्ने, बजारमैत्री वातावरण बनाउने, वृहत अर्थतन्त्रमा स्थायीत्व कायम गर्ने भन्ने विषयमा केन्द्रित थियो । निजीकरण पनि सँगै अगाडि बढ्यो । पहिलो चरणको सुधार कार्यक्रम केही सफल भएका छन्, केही कार्यक्रम जारी छन्, केही कार्यक्रम अगाडि बढ्न सकेका छैनन् । पहिलो चरणको सुधारमा थालिएका तर सम्पन्न नभएको सुधार कार्यक्रमलाई पूरा गर्नुपर्छ ।

अहिले हामी दोस्रो चरण वा दोस्रो पुस्ताको सुधारका विषयमा बहस गरिरहेका छौं । पहिलो चरणमा नीतिगत सुधार भएका थिए । अब दोस्रो चरणमा संस्थागत सुधार जरुरी छ । अहिले परिणाममुखी सुधार खोजीरहेका छौं । नेपालको अर्थतन्त्र विश्व बजारमा प्रतिस्प्रर्धा गर्न सक्ने हुनुपर्‍यो । नेपाली उत्पादनले विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने हुनुपर्‍यो । नेपाली उत्पादनले विदेशी वस्तु तथा सेवासँग नेपाली सीमाभित्र प्रतिस्प्रर्धा गर्न सक्ने हुनुपर्छ ।

त्यसका लागि अर्थतन्त्रमा वृहत् सुधार जरुरी छ । सरकारी सेवामा सुधार हुनुपर्छ । निजी क्षेत्रले काम गर्नको लागि सरकारी तहबाट सहज वातावरण बनाइदिनुपर्छ । कसरी लगानीको जोखिम कम गरिदिने, कसरी लगानीकर्ताले अधिकतम नाफा आर्जन गर्न सक्छन् भनेर सरकारी तहबाट सहयोगी भूमिका आवश्यक छ । एउटा उद्योग सञ्चालनमा ल्याउन उद्योग दर्ता, जमिन खरिद, विद्युत, पानी, सुविधा जडान गर्न धेरै जटिलता छन् । सेयर निष्काशन गरेर पुंजी जुटाउनु पर्‍यो भने त्यसको प्रक्रिया पार गर्न वर्षौं लाग्छ । उद्योग सञ्चालन गर्न सरकारी तहबाट लिनुपर्ने अनुमतिहरू लिन दर्जनौं सरकारी संस्थामा धाउनुपर्ने अवस्था छ । सरकारी निकायहरूबीचको सम्बन्ध र समन्वनमा सुधार जरुरी छ । सरकारी सेवामा एकद्धार प्रणाली लागू गर्न जरुरी छ । नरेन्द्र मोदीले एकद्वार प्रणाली लागू गर्दा गुजरातमा यसरी विकास भयो कि आज उनी भारतको लोकप्रिय नेताका रुपमा शक्तिशाली प्रधानमन्त्रीको रुपमा उदाए ।

त्यस्तै, बजारका धेरै क्षेत्रमा अझै प्रतिस्पर्धाको वातावरण छैन । धेरै क्षेत्रमा आलोपालो वा सिन्डिकेट वा एकाधिकार छ । यातायातको क्षेत्रमा खुला र स्वच्छ प्रतिस्पर्धा छैन । पेट्रोलियम पदार्थको व्यापारमा खुला र स्वच्छ प्रतिस्पर्धा छैन । विद्युत् खरिद, बिक्री, प्रसारण लाइन निर्माणको क्षेत्रमा विद्युत प्राधिकरणको एकाधिकार छ । आम उपभोक्ताले दैनिक उपभोग गर्ने यस्ता धेरै वस्तु तथा सेवाको क्षेत्रमा खुला र स्वच्छ प्रतिस्पर्धा छैन । जुन वस्तु तथा सेवाको उत्पादन, बिक्री वितरणमा खुला प्रतिस्प्रर्धा हुँदैन, त्यहाँ उपभोक्ताले महँगो मूल्य तिर्नुपर्छ । गुणस्तरहीन वस्तु तथा सेवा प्रयोग गर्नु परेको हुन्छ । त्यसैले दोस्रो चरणको सुधारअन्तर्गत हरेक क्षेत्रलाई प्रतिस्पर्धी बनाइनुपर्छ ।

सबैभन्दा ठूलो सुधार श्रम क्षेत्रमा जरुरी छ । नेपालमा दुई वर्गका श्रमिक छन् । पहिलो, औपचारिक क्षेत्र हो, जहाँ काम गर्ने श्रमिकलाई अधिक संरक्षण छ । दोस्रो, अनौपचारिक क्षेत्र हो, जहाँ काम गर्ने श्रमिकहरू ज्यादा असुरक्षीत छन् । नेपालका श्रम संगठनहरू एकदमै प्रभावकारी छन् र उनीहरू यस्तो माग गरिरहेका हुन्छन्-'मानौं, उद्योगमा श्रमिक राख्नु भनेको विवाह गरेर श्रीमती भित्र्याउनु जस्तो छ । श्रमिकलाई हटाउनु भनेको श्रीमतीसँग सम्बन्ध विच्छेद जस्तो हो । आफ्नो आधा सम्पत्ति दिएर मात्र सम्बन्ध विच्छेद गर्न सकिन्छ ।' श्रम बजारमा दुई किसिमका सुधार जरुरी छ । एक औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा काम गर्ने श्रमिकलाई समान अधिकार र सुविधा हुनुपर्छ । दोस्रो, श्रमिक राख्ने र हटाउने प्रक्रिया सरल बनाइनुपर्छ ।

सरकारी सेवाको सुधार भन्नाले निजी क्षेत्रको लाभका लागि मात्र भन्ने पनि होइन । स्वास्थ्य क्षेत्रमा राज्यले दिदैआएको सेवाको पहुँच र स्तरमा वृद्धि आवश्यक हुन्छ । सरकारी तहबाट शिक्षा क्षेत्रमा प्रदान गर्दैआएको सेवास्तरमा सुधार जरुरी छ । राज्यले साधारण शिक्षाको सट्टा गुणात्मक शिक्षा दिन सक्नुपर्छ । राज्यको तर्फबाट सुरक्षा निकायले दिने सेवा होस् वा न्यायिक निकायले दिने सेवा होस्, वा प्रशासनिक क्षेत्रले दिने सेवा होस्, सबै प्रकारका सरकारी सेवा हरेक नागरिकले सन्तुष्टि लिन सक्ने स्तरको बनाईनुपर्छ ।

संस्थागत सुधारअन्तर्गत पनि सरकारी संस्थाहरूको सुधार नै अगाडि आउँछ । नोक्सानीमात्र कमाउने र प्रभावकारी सेवा पनि दिन नसक्ने सरकारी संस्थानहरूलाई निजीकरण गर्नैपर्छ । यसको अर्थ सरकारी सम्पत्ति बेच्नैपर्छ भन्ने होइन, व्यवस्थापनमा सरकारी निजी साझेदारीको मोडेलमा जान सकिन्छ । दोस्रो, बजारको विकाससँगै नियमनकारी निकायको सिर्जना गरिनुपर्छ । पहिलो चरणको सुधार कार्यक्रम आउँदा नेपालमा रियलस्टेट व्यवसाय भन्ने नै थिएन । अहिले यो-यो क्षेत्रमा अर्बौं लगानी भइसक्यो । धेरै कम्पनीहरू आएका छन् । तर त्यसलाई नियमन गर्न न आवश्यक नियम-कानुन बनेका छन् न नियमनकारी निकाय नै छ । स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी खुला भयो तर यो क्षेत्रको नियमन तथा अनुगमन गर्ने प्रभावकारी सरकारी निकाय भएन । उदारीकरण र बजारीकरण भनेको बजारलाई अन्धाधुन्द तरिकाले छाड्ने होइन । यस्ता धेरै क्षेत्र छन् जहाँ निजी क्षेत्रको लगानी भइरहेको छ तर सरकारले ती क्षेत्रलाई नियमन तथा अनुगमन गर्न सकिरहेको छैन । ती कार्य गर्नको लागि आवश्यक सरकारी संरचना निर्माण गर्न जरुरी छ ।

यसरी सुधार गर्दा सबै पक्षको जित हुदैन । कुनै पक्ष समुदायले हार्छ । जस्तै कामै नगर्ने वा प्रभावकारी सेवा नदिने सरकारी कर्मचारीलाई हटाउने निर्णय सरकारले लियो भने श्रमिक यूनियनहरू संगठित भएर त्यसको विरोध गर्नेछन् । अहिले विद्युत् प्राधिकरणलाई विद्युत् खरिद, बिक्री, प्रसारणमा एकाधिकार छ । सस्तो लागतका परियोजना ऊ आफै निर्माण गर्छ । महँगो परियोजना निजी क्षेत्रलाई बनाउन दिन्छ । यी सबै गलत छन् । अब प्राधिकरणको अधिकार खण्डिकरण जरुरी छ । यसो गर्दा प्राधिकरणका कर्मचारी सडकमा आउँछन् । सुधारका क्रममा धेरै विरोधिहरूको सामाना गर्नुपर्ने छ । उनीहरूको मागलाई कसरी संबोधन गर्ने ? पूर्वतयारी जरुरी हुन्छ । कानूनी सुधार गर्नु पर्ने ठाउँमा कानूनी सुधार पनि सँगसँगै गर्दै जानुपर्छ । संसद्बाट ऐन बनाएर सुधार गर्न सकियो भने यस्ता विरोधिहरू कम हुनेछन् ।

*(सावतीका कार्यकारी अध्यक्ष डा. पाण्डेसँग गरिएको कुराकानीमा आधारित)*